*DOI: https://doi.org/10.3126/cognition.v7i1.74809*

# लमजुङ जिल्लामा प्रचलित बाह्रमासे ठाडो भाका लोकगीतको विधातत्त्व

**विष्णु परियार**[१]

***लेखसार***

*'लमजुङ जिल्लामा प्रचलित बाह्रमासे ठाडो भाका लोकगीतको विधातत्त्व' शीर्षकको प्रस्तुत लेख बाह्रमासे ठाडो भाका लोकगीतको विधातत्त्वको अध्ययनमा केन्द्रित छ । बाह्रमासे ठाडो भाका लोकगीत लोकमा प्रचलित विभिन्न लोकगीतहरूमध्ये एक भाका हो । लोकगीत लोकको अभिव्यक्ति हो । बाह्रमासे ठाडो भाका लोकगीत लोकगीतभित्र पर्ने बेग्लै खालको गीत हो । बाह्रमासे ठाडो भाका लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतको एउटा प्रकार हो । यस गीतमा गायनसँगै नृत्य पनि गरिन्छ । लमजुङ जिल्लामा विशेष रूपमा यो भाका प्रचलित रहेको छ । यस गीतलाई गाउन कुनै पनि समय, पर्व र मौका कुर्नु नपर्ने र जुनसुकै स्थानमा, जुनसुकै बेला पनि गाउन सकिने हुनाले यस गीतलाई बाह्रमासे ठाडो भाका लोकगीत भनिएको हो । यस गीतको प्रचलन जातिगत रूपमा दुरा, गुरुङ, क्षेत्री, बाहुन, दमाइ, कामी, सार्की, कुमाललगायतका समुदायमा रहेको देखिन्छ भने क्षेत्रगत रूपमा विशेष गरेर लमजुङ, गोरखा, कास्की, बाग्लुङ, तनहुँ गरी अन्य क्षेत्रमा पनि प्रचलित देखिन्छ । यस लेखमा बाह्रमासे ठाडो भाका लोकगीतमा केकस्ता विधातत्त्व प्रयोग भएका छन् भन्ने मूल समस्याका रूपमा लिई विषयको व्याख्या तथा विश्लेषण गरिएको छ । यस लेखमा यस गीतको प्रचलनका बारेमा चर्चा गरी बाह्रमासे ठाडो भाका लोकगीतको तत्त्वहरूका पहिचान गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यसका लागि प्राथमिक र द्वितीयक स्रोतबाट बाह्रमासे ठाडो भाका लोकगीतको सङ्कलन गरी तिनको अध्ययन र विश्लेषण गरएको छ । बाह्रमासे ठाडो भाका लोकगीतका तत्त्वहरूमा कथ्यविषय वा मूलभाव, शैली, भाषा, स्थायी अन्तरा, थेगो, लय वा सङ्गीत, रङ्गमञ्च, वेषभूषा र उद्देश्य जस्ता तत्त्वहरू पर्दछन् । तसर्थ, बाह्रमासे ठाडो भाका लाकगीतका यिनै तत्त्व सम्बन्धी मूल समस्यामा केन्द्रित रही बाह्रमासे ठाडो भाका लोकगीतमा विधातत्त्वको खोजी गरिएको यस लेखमा बाह्रमासे ठाडो भाका लोकगीतलाई साक्षी मानी यसैका आधारमा विषयको अध्ययन विश्लेषण गरी तिनको सामान्यीकरण गरिएको छ । बाह्रमासे ठाडो भाका लोकगीतको तत्त्वहरूको पहिचान गरी यसको प्रस्तुतिगत शैली, संस्कार, संस्कृति, सामाजिक तथा सांस्कृतिक पक्षसँग यसको सम्बन्ध जस्ता पक्षहरूसमेतको यस गीतमा व्यक्त भएका छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी** : तालविहिन, मेलापात, रोधी, स्थान, विविधता ।

## विषयपरिचय

लोकगीत लोकसाहित्यको एउटा विधा हो । जब मानिसले बोल्न थाल्यो तब सुखदुःखको अभिव्यक्तिका क्रममा उसले लयमा गुनगुनाउन थाल्यो । मानिले बोल्न थालेपछि नै लोकगीतको प्रारम्भ भएको मानिन्छ ।

१. prbishnu46@gmail.com

*Received on Sept. 15, 2024* *Accepted on Oct. 1, 2024* *Published on Jan. 31, 2025*

लोकगीत तथा लोकसाहित्यको खानी लमजुङ जिल्ला गण्डकी प्रदेशमा पर्ने पहाडी जिल्ला हो । यहाँ विभिन्न किसिमका गीतहरू प्रचलित छन् । यस्ता गीतहरू कतिपय पारिवारिक, कतिपय सांस्कृतिक, कतिपय श्रम र कतिपय बाह्रमासेसँग सम्बन्धित रहेका छन् । यिनै लोकगीतमध्ये ठाडो भाका लोकगीत पनि पर्दछ। ठाडो भाका लोकगीतको विभिन्न प्रकारहरूमा बाह्रमासे ठाडो भाका लोकगीत पनि एक हो । लोकको पिर, व्यथा, हर्ष, आँसु, हाँसो, जस्ता कुरालाई आत्मासात गर्ने माध्यम नै ठाडो भाका लोकगीत हो । बाह्रमासे ठाडो भाका लोकगीत भन्नाले जुनसुकै उमेर समूहले जुनसुकै समयमा पनि गाउन सकिने अन्य लोकगीतभन्दा फरक लय र सुर भएको गीत नै बाह्रमासे ठाडो भाका लोकगीत हो भन्ने बुझिन्छ। बाह्रमासे ठाडो भाका लोकगीतको जन्म लमजुङ जिल्लाको करापुटारमा भएको हो । यस भाकालाई पहिलो पटक देउबहादुर दुराले गाएको पाइन्छ। ठाडो शब्दको अर्थ प्रज्ञा नेपाली शब्दकोशले खडा भएको वा उभिएको भन्ने प्रस्ट पारेको पाइन्छ। ठाडो भाकालाई स्थानअनुसार, लमजुङे भाका, करापुटारे भाका, दुरा भाका जस्ता नामले पनि चिनिन्छ। बाह्रमासे ठाडो भाका लोकगीत कतिपय स्थानमा तालरहित र कतिपय स्थानमा तालविहिन आलाप शैलीमा प्रस्तुत गर्ने प्रचलन रहेको छ। यस गीतलाई कतै-कतै ठाडी भनेर गाउने गरेको पनि देखिन्छ। ठाडो र ठाडीको प्रयोग सन्दर्भ पुरुष प्रस्तोता र महिला प्रस्तोतासँग सम्बन्धित रहेको छ र दुबै एकै भाकाका बोधक हुन् । यस गीतमा वाद्यवादनको अनिवार्य नभएकाले तालरहित र तालविहीन तरिकाले प्रस्तुत गर्न सकिए तापनि प्रतिस्पर्धात्मक समयमा मादल, खैँजडी, बाँसुरी, मुजुरा आदिको प्रयोग भएको देखिन्छ। यसको प्रस्तुति फुर्सदका समयमा, दिन भरको थकान मेटन रातको समयमा रोधी बस्दा, मेलापात गर्दा, गाउँबेसीमा विभिन्न समयमा रमाइलो गर्दा गाउने गरेको देखिन्छ। यस गीतमा गायनसँगै नृत्य पनि गरिन्छ। केटा पक्ष र केटी पक्षबिच समूहको मुख्य गायक/गायिकाले पालै-पालो प्रश्नको उत्तर दिने क्रममा भाका फिक्छन् भने अन्यले त्यही भाकालाई छोप्ने कार्य गर्दछन् । त्यसैले यसलाई दोहोरी प्रकारको गीत पनि भनिन्छ। गीत निकाल्दा लामो स्वर निकाल्नु र त्यहीअनुसार वाद्यवादनको ताल मिलाउनु यस गीतको विशेषता हो । गुरुङ समुदायमा भने यस गीतलाई रोधी भन्ने गरिन्छ। यसको प्रस्तुति समय कामधन्दा सकेपछि, रातको समयलाई उपयुक्त मानिन्छ। यो गीत विभिन्न पर्व, उत्सव र मेला आदि अवसरमा गाइने बाह्रमासे लोकगीत हो (न्यौपान, २०७२, पृ. ५३) । यस गीतलाई विभिन्न समयमा मनाइने चाडपर्वका बेला पनि गाउन सकिने हुनाले यस गीतमा सामाजिक तथा सांस्कृतिक पहिचान पनि पाइन्छ।

लोकविधाको प्रस्तुति कलात्मक भाषिक अभिव्यक्तिका माध्यमबाट गरिन्छ। लोकगीत, लोकगाथा लगायतका विधा सामान्य जनजीवनले प्रस्तुत गर्ने विचरणशील र परिवर्तनशील विधा हुन् (पराजुली, २०६३, पृ. ३३) । तसर्थ यस गीतको निर्माणमा आउने तत्त्व नै विधातत्त्व हुन् । जसलाई गीतका संरचक तत्त्व पनि भनिन्छ। यस्ता तत्त्वअन्तर्गत कथ्यविषय, शैली, भाषा, स्थायी अन्तरा र थेगो लय वा सङ्गीत, अलङ्कार र रस र उद्देश्य पर्दछन् । उपर्युक्त तत्त्वहरूले नै गीतलाई श्रुतिरम्य र प्रभावकारी बनाएका हुन्छन् । बाह्रमासे ठाडो भाका लोकगीतलाई प्रस्तुत लेखमा प्रयोजनका लागि चयन गर्नुका साथै यस गीतको प्रस्तुति के कसरी गरिन्छ र यसमा के कस्ता विधातात्त्विक विशेषता विद्यमान छन् भन्ने जिज्ञासालाई अध्ययनको मूल प्राज्ञिक समस्या बनाई विधातात्त्विक विश्लेषणद्वारा समस्याको समाधान गर्ने उद्देश्यका साथ यो अनुसन्धान गरिएको छ।

## अध्ययनविधि

प्रस्तुत लेखका लागि प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ। प्राथमिक स्रोतका सामग्रीको सङ्कलन क्षेत्रकार्यबाट गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। सामग्री सङ्कलनका लागि बाह्रमासे ठाडो भाका प्रचलित स्थान लमजुङ सुन्दर बजार नगरपालिका ७ सिउँडीबारलाई मुख्य आधार बनाइएको छ। वि.स २०८० मा ठाडो भाका लोककला प्रतिष्ठानले आयोजना गरेको ठाडो भाका लोकगीतको प्रतियोगितात्मक कार्यक्रमको समारोहमा प्रस्तुत भइरहेकै अवस्थामा श्रव्यदृश्य सामग्रीका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ। यसरी विभिन्न स्थानबाट सङ्कलित बाह्रमासे ठाडो भाका लोकगीतको मूलपाठ र प्रस्तुतिगत छायाचित्रका आधारमा विश्लेषण गरिएको छ भने मूलपाठ र छायाचित्र यसै आलेखमा दिइएको छ। जसका माधयमबाट यसको प्रस्तुति र शैलीका बारेमा जानकारी पाउन सकिने छ। यसको सैद्धान्तिक अध्ययनका लागि भने पुस्तकालयीय कार्यबाट द्वितीय स्रोतका सामग्रीको उपयोग गरिएको छ। यसरी सङकलित सामग्रीको अध्ययनबाट प्रस्तुत गीत विश्लेषणका आधारहरूको निरुपण गरी तिनै बुँदाका आधारमा समेत विश्लेषण गरिएको छ।

## विश्लेषणको सैद्धान्तिक ढाँचा

सङ्कलति बाह्रमासे ठाडो भाका लोकगीतलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिए तापनि यस लेख प्रयोजनका लागि भने यस गीतका विधा तत्त्वका आधारमा विश्लेषण गरिएको छ। बाह्रमासे ठाडो भाका लोकगीतको संरचनामा आउने तत्त्व नै यसका विधातत्त्व हुन। यस्तो संरचना पनि गीतको बनोट र बुनोटका आधारमा निर्धारण हुन्छ। यस गीतको प्रस्तुति नृत्यसहित गरिन्छ। बाह्रमासे ठाडो भाका लोकगीतको प्रस्तुति शुद्ध मनोरञ्जनका उद्देश्यले फुर्सदका समयमा गरिन्छ। यसमा गाइने गीत पक्षलाई लिएर कथ्यविषय वा मूलभाव, शैली, भाषा, लय वा सङगीत, भाव वा सन्देश, स्थायी अन्तरा र थेगो, वेषभूषा र उद्देश्य जस्ता विधातत्त्व पर्दछन्।

बाह्रमासे ठाडो भाका लोकगीतको प्रस्तुति नृत्यसहित गरिन्छ। यस गीतमा विशिष्ट र लयात्मक भाषाको प्रयोग हुने गर्दछ। जसले यस भाकालाई श्रुतिरम्य बनाउनमा महत्त्वपूर्ण भूमिका खेल्दछ (बराल, २०६०, पृ. २८)। यस गीतको प्रस्तुति लोकलाई मनोरञ्जन दिने उद्देश्यले फुर्सदका समयमा विभिन्न चाडपर्व, साथीभाइ भेट हुँदा, दिन भरिको थकान मेट्न रातिको समयमा रोधि बस्दा गरिन्छ। यस गीतमा गाइने पक्षलाई लिएर कथ्यविषय वा मूलभाव, शैली, भाषा, लय वा सङ्गीत, स्थायी अन्तरा र थेगो, वाद्यवादन, वेषभूषा र उद्देश्य अनिवार्य रहनी वा थेगो जस्ता (पराजुली र गिरी, २०७८, पृ. ३०)। ऐच्छिक तत्त्व, भाव वा विचार, उद्देश्य, भाषा र शैली अनिवार्य र पात्र, घटना तथा परिवेश ऐच्छिक तत्त्व (शर्मा, २०७४, पृ. ७१) भावना र कल्पना, सङ्गीत, बिम्ब तथा प्रतीक र भाषा (बराल, २०६०, पृ. २८)। कथ्यविषय, शैली, भाषा, उद्देश्य, स्थायी अन्तरा र थेगो, लय र गेयता, अलङ्कार र रस (शर्मा २०७५, पृ. १९४) लाई यस गीतको विधातत्त्व भनि उल्लेख गरिएको पाइन्छ। विद्वानहरूका उपयुक्त विचार र क्षेत्रकार्यबाट सङ्कलित यस गीतको अध्ययनबाट कथ्यविषय वा मूलभाव, शैली, भाषा, स्थायी अन्तरा र थेगो, लय वा सङ्गीत, रङगमञ्च, वेषभूषा र उद्देश्य पर्दछन् भन्ने स्पष्ट हुन आउँछ। यसको कथ्यविषय गाइने गीतको वर्णविषय वा मूलभावसँग सम्बद्ध रहेको हुन्छ। शैली यसको

उठान प्रस्तुतिगत ढाँचासँग सम्बद्ध रहेको छ र यसले उठान र बैठानका बारेमा पनि भूमिका खेल्दछ। भाषा गीतको अभिव्यक्तिको माध्यमका रूपामा रहेको हुन्छ। कुनै पनि कार्य गर्नुको निश्चित उद्देश्य भए जस्तै बाह्रमासे ठाडो भाका लोकगीत प्रस्तुतिको पनि निश्चित उद्देश्य रहेको हुन्छ। लय वा सङ्गीतले उक्त गीतमा प्रस्तुत गरिने वाद्यवादनका तरङगित हुने स्वर गीतको बनोटलाई जनाउँछ। यसले बाह्रमासे ठाडो भाका लोकगीतलाई श्रुतिमधुर, लयात्मक र रङगमञ्चपूर्ण बनाउनमा मद्धत गर्दछ जुन स्थायी अन्तरा र थेगोका माध्यमबाट व्यक्त हुन्छ। यसले दर्शक स्रोतालाई मन्त्रमुग्ध पनि पार्दछ। रङगमञ्च र वेषभूषा यस गीतको प्रस्तुतिका लागि महत्त्वपूर्ण तत्त्व हो। जसले बाह्रमासे ठाडो भाका लोकगीतको दर्शकलाई मन्त्रमुग्ध र जिज्ञासापूर्ण बनाउँछ। यिनै तत्त्वलाई नै यस लेखका लागि विश्लेष्य तत्त्वका रूपमा लिइएको छ।

**बाह्रमासे ठाडो भाका लोकगीतको मूलपाठ**

**मूलपाठ 'क'**

धम्पु दुरा ः

क चैतको हुरी गऱ्यो चुरीफुरी
हो.. हो.. सुनखानी उनखानी नुनखानीमा सिमलको भुवाले
ख धोबी लुगा धुनी युनाइटेड क्लबले कस्तो सपना देखेछ कुनि, इष्टमित्र
देउपित्र देख्दा हाँसु-हाँसु लाग्यो भन्देऊ है बुबाले।

मीना ः

क बादलु लाग्यो झल्याक र झुलुक घामै लाग्यो घमाइलो
ख हा..हा.. सुनैको गजुर कलबको सम्पूर्ण महाजनहरू, धोबी लुगा
धुन्थ्यो, भेट हुँदा समय बिताउन हुन्थ्यो, कि गर्ने हो रमाइलो।

धम्पु दुरा ः

क रूख काट्ने बञ्चरो त झरी सक्यो घारीमा खै लाग्यो
ख दामपैसालाई गन्थ्यो, पैला त ढुङ्गेसाँघुमा रमाइलो हुन्थ्यो, ऐनदी तैन
नाम मात्र भयो धाउने चरी धाइछ जात्रा हराइछ ऐले त वैलायो।

मीना ः

क हा..हा.. रानीवनमा काटेको लौरौ बुढेसकालमा टेकन
ख हा..हा.. हा..हा.. ऐलेको साल अमोसीमा महाजप लाउँला, पैसा पुरी
सलाई यतिखेर मलाई हा..हा.. जोवाने गोरु मान्यजनहरू, मन लाग्यो
मलाई धैरै धैरै भेटन।

धम्पु :

क उकालीमा जाने भोटलेम दाजु, उकालीमा सुसेली

ख आगाको धुनी जन्म दिने बाआमाले के हन्तकाले जन्मायो कुन्नि

आरनीलाई ताइछ माया यतै आइछ, के ल्या छ त कोसेली ?

मीना :

क राम लक्ष्मण सिकार खेल्न गए, धनुकार चेपेर

ख वृहस्पति तारा कोसेली के ल्या छ भनी सोध्यौ हेर

मकैभट्ट भुटी ल्याछु बोकी कोसेली, घुमाई रोटी पोली

तीनपाने खोकिलामा चेपेर ।

धम्पु :

क कोदो राखौं भकारीमा धान पनि त्यस्तै मकै राखौं खोसलेर

ख सुन राख्ने तोला,  पचभैया डाँडामा चिडियाखाना हेर्न जाने होला

पचभैया जाउँला सँगै बसी खाउँला, एकै ठाउँमा मोलेर ।

मीना :

क सानुम नानी सिपालु भयो पैलो पहिलो अक्षर लेखेर

ख दाम पैसालाई गनयो चिडियाखानामा जाऊँ त भन्यो, हा..हा..

डाली भरी पिना चिडियाखाना मैले देखेको थिन आउँला त नि

देखेर ।

**मूलपाठ ख**

शङ्कर :

क बिहानीपख कुखुरी काँ गर्छ, भालेचाहिँ कुखरी,

महिला : चाहिँ कुखरी

समूह : हो भन्छ र लाइद्यौ त नि माया भालेचाहिँ कुखरी

महिला : चाहिँ कुखरी

ख  इष्टकोटको टाँको रानीवनको बाँको, हिजो राती सपनीमा

घरपरिवारलाई सम्झी घरमा के छ त नि सानु ?

पहिलाको चरन भनी खेर्लें भेडीखर्के साइँलालाई पुकारी

महिला : लाई पुकारी

समूह : हो भन्छर हो लाइद्यौ माया साइँलालाई पुकारी ।

राधा :

क हिमै र चुली त्यो पल्लापट्टी घामै लाग्यो घमाइलो

महिला : लाग्यो घमाइलो

समूह : हो भन्छर हो लाइद्यौ त नि माया घामै लाग्यो घमाइलो

महिला : लाग्यो घमाइलो

ख हा..हा.. धाउनी चरी माया धाउँदा

उही पुरानो मान्छे आवाज सुन्न पाउँदा साह्रै लाग्यो रमाइलो

महिला : लाग्यो रमाइलो

समूह : हो भन्छ र हो लाइद्यौ त नि माया साह्रै लाग्यो रमाइलो ।

शङ्कर :

क दामबाछो दाको म त सपनीमा रुन लाको, वन रैछ बिन्द्रानी

ख दाम बाछो दाउँछु म त कतारको खाडीमा गएको सपनीमा छोरा

छोरी देख्छु, लौरी टेकौं पैयाँ सम्झी ल्याउँदा मैयाँ लाग्दैन निन्द्रानी

राधा :

क पोखराको बजार माया मान्छे रैछ हजार, आको थिन कैले पनि

ख सुन काटी गजुर मैले पनि सम्झिएर बसिराछु हजुर फलाम खायो

खैले निद्रा पुग्ने गरी सुत्न पाउन्न मैले, सम्झी राछु मैले पनि ।

शङ्कर :

क घाँस काटौं पैयाँ बसिराख मैयाँ, घरबार सियारी

ख हा..हा.. माकुरी जाल बुन्छु, छोरो पनि के के खाएर हिँडेको छ भनि सुन्छु, छोराछोरी छोडेर म विदेश आएँ, तरकारी सिमीले बालबच्चा स्याहारा तिमीले, कागतु कता सन्चै छु म ता पिर नगर तिमीले ।

## मुल पाठको विश्लेषण

बाह्रमासे ठाडो भाका लोकगीत गण्डकी प्रदेशका विभिन्न स्थान र समुदायमा प्रचलित रहेको देखिन्छ । स्थान र समुदायअनुसार यसका विभिन्न नाम प्रचलित छन् भन्ने कुरा विषयप्रवेशमा नै उल्लेख गरी सकिएको छ । यो गीत गण्डकी प्रदेशअन्तर्गत लमजुङका दुरा, कुमाल, बाहुन, दमाई, कामी, क्षेत्री, गुरुङ आदि जातिमा प्रचलित छ । यसको आरम्भ लमजुङको करापुटारका दुरा समुदायबाट भएको र यहाँबाट बिस्तार हुँदै अन्य जिल्लाका विभिन्न समुदायमा प्रचलित हुन पुगेको हो भन्ने मानिन्छ (दर्नाल, २०६६, पृ. १२) । यसका जन्मदातामध्ये नेपाल न. पा. १०. साविक नेटा गा. वि. स. ३ का देउबहादुर दुरा र उनका सहयोगी मनिराम दुरालाई मानिएको छ (घिमिरे, २०७४, पृ. २) । त्यसैले यसलाई करापुटारे भाका भन्ने पनि प्रचलन छ । केटा पक्ष र केटी पक्ष मिलेर दोहोरीका रूपामा जुनसुकै समयमा पनि गाउँन सकिने यस गीतलाई दुरा जातिले गाउने भएकोले दुरा भाका भनेर पनि चिनिन्छ (लालबहादुर, २०७५, पृ. ५१) । यसको प्रस्तुति पहिला पहिला पुरुषले मात्र गर्थे भने पछि गएर महिलाहरूले पनि गाउने परम्परा बस्न पुगेको देखिन्छ । यसलाई दोहोरी गीतका रूपमा पनि गाउन सकिन्छ (दर्नाल, २०६, पृ. २१) । गुरुङ समुदायमा बाह्रमासे ठाडो भाका लोकगीतलाई रोधी भन्ने प्रचलन छ । रोधी शब्द गुरुङ भाषाको रोवा र रोधीको मेलबाट बनेको देखिन्छ । यस गीतको प्रस्तुति गर्दा एकतर्फ मादल, डम्फुलगायतका वाद्यवादन सामग्री लिएर पुरुष समूह र अर्कोतर्फ वाद्यवादनरहित भई महिला समूह मुखामुख वा गोलाकारमा बसेर पालैपालो गीत झिकेर गरिन्छ । एक पक्षले गीत झिक्ने र अर्को पक्षले त्यसलाई हा..हा..हा..को स्वरमा निकाल्दै त्यसको जवाफ दिने गर्नु यसको गायन शैलीगत विशेषता हो । यसै गरी त्यसै गीतको बोल र वाद्यवादनको तालमा पुरुष मात्र वा महिला मात्र वा पुरुष र महिला दुबै मिलेर आधा शरीर झुकाउँदै र सुस्त गतिमा फन्को लाउँदै नृत्य गर्नु यसको नृत्य शैलीगत विशेषता हो । त्यसैले यसलाई दोहोरी प्रकारको गीत पनि भन्न सकिन्छ । कतिपय सन्दर्भमा सवालजवाफको गीत पनि गाइएको हुन्छ भने कतिपय सन्दर्भमा एक पक्षले गीत झिकेर अर्को पक्षले छोप्ने हुन्छ । यसमा गाइने विषयवस्तु जे पनि हुन सक्छन् तापनि प्रायः प्रेम प्रसङ्ग नै अधिक रहने गरेको देखिन्छ । एउटा स्थायी पङक्ति र अन्य अन्तरा पङ्क्तियुक्तमा यस भाकाको विषयवस्तु प्रायः प्रेम, विछोड र ठट्यौलीसँग सम्बन्धित रहेका हुन्छन् भने गीतको प्रस्तुति गर्दा गीतको बोलअनुसार नृत्य पनि हुने गरेको पाइन्छ । यस भाकालाई रेडियो नेपालमा समेत गोविन्दबहादुरले लोकगीतका रूपमा गायन गरेका थिए भनिन्छ । रातको बेलामा रोधी बस्ने सन्दर्भमा बस्दा, चर्खा चलाई धागो कात्दा, विवाह आदि उत्सव, चाडपर्वमा जमघट हुँदा, ठिटाठिटी, तन्नेरी, अधबैंसे महिला, पुरुष, शिक्षित कलाकारको समूह

स्वरले ठोक्कान हान्दै गाइने भाकाहरूमध्ये ठाडो भाका पनि एक हो (२०७५, पृ. ५७) । यसरी जुनसुकै उमेर समूहका मानिसले जुनसुकै काम गर्दा, जुनसुकै समयमा गाउन सकिने भएकोले यस गीतलाई बाह्रमासे ठाडो भाका लोकगीत भनिएको हो । बाह्रमासे ठाडो भाका लोकगीतमा विभिन्न विषयवस्तु रहन सक्ने प्रचलनअनुसार बाह्रमासे ठाडो भाका लोकगीत यसरी गाइएको पाइन्छ :

हेर्दामा राम्रो सिमलु भूवा उडायो हावाले
हा..हा..हा....
नौ डाँडै पारि मै एउटी छोरी कटायौ बाबाले
हा.. हा.. हा...
कटायौ बाबाले .. । (स्रोतः आसमाया परियार, राइनास, लमजुङ)

उपर्युक्त शैलीलगायत विभिन्न शैलीमा प्रस्तुत गरिने यस गीतलाई माथि विश्लेषणको सैद्धान्तिक आधार उपशीर्षकमा उल्लेख गरिएका कथ्यविषय वा मूलभाव, शैली, भाषा, स्थायी अन्तरा र थेगो, लय वा सङ्गीत, वेषभूषा र उद्देश्य जस्ता बुँदाका आधारमा क्रमशः विश्लेषण गरिन्छ ।

**कथ्यविषय वा मूलभाव**

प्रस्तुत गीत बाह्रमासे ठाडो भाकासँग सम्बन्धित रहेको छ । यसको विषयवस्तु भिनो रहेको छ । यसमा एउटा प्रोसित भतृका नारीले टाढाबाट आएका धम्पु दुरा यस गीतका गायकलाई युनाइटेड क्लबले आयोजना गरेको कार्यक्रममा भेट हुँदा मकै भट्ट भुटेर घुमाइ रोटी कोसेली ल्याको छु । अरु त के ल्याउन सक्छु र भने पछि धम्पुले पनि सँगै बसेर खाउँला भनि ठट्यौली पारामा गीतलाई अगाडि बढाएका छन् । समग्रमा यस गीतमा विषयवस्तु छिरलिएको छ । बाह्रमासे ठाडो भाका लोकगीतको विशेषता भनेको नै विषयवस्तु छिरलिनु हो । मूलपाठ १ मा विषयवस्तु झन छिरलिएको छ र बहुकेन्द्रित हुन पुगेको छ । गीत निकालिसके पछि त्यसै लयमा जवाफ दिने क्रममा भाका समात्दा यस्तो हुने गर्दछ । मूल पाठ २ मा राधा भण्डारी र शङ्कर परियारबिच परदेश र घरदेशमा छुट्टिएर रहँदाको पीडालाई विषयावस्तु बनाएर छोराछोरी वा घरमा नहुँदा बिग्रिएर हिँडेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । मनका हरेक पीडासँगै बसेर बाँड्न पाए हुन्थ्यो भन्ने भाव यस गीतको रहेको छ । म यता परदेशमा सन्चै छु तिमीले घरमा छोराछोरी, घरपरिवार र आफ्नो राम्रो ख्याल गरेर बस्नु भन्ने गायक शङ्करको भाव रहेको छ । यसको भावभन्दा पनि भाका र नृत्यबाट नै यसको महत्त्व हुने गर्दछ । यसको मूल १ मा बाह्रमासे ठाडो भाका क्लबमा उपस्थित मान्यजनहरूलाई सम्मान गरेर सुरु गरिएको छ भने मूलपाठ २ मा बाह्रमासे ठाडो भाका लोकगीतले गाउँघरमा घटेका घट्नालाई मात्र होइन पारिवारिक, घरदेश र परदेशको पीडा र खुसीलाई समेत समेट्न सक्छ भन्ने कुराको सङ्केतबाट आरम्भ गरिएको छ । त्यसपछि विषयवस्तुमा प्रवेश गरिएको छ । यसरी समग्रमा हाँसो, ठट्टा, प्रेम र विछोड तथा त्यसको विरहमा तड्पिएको भाव उपर्युक्त मूलपाठ १ र २ मा व्यक्त भएको छ भन्ने स्पष्ट हुन्छ ।

## शैली

शैली भन्नाले बाह्रमासे ठाडो भाका लोकगीतको सन्दर्भमा यसको प्रस्तुति शैलीलाई सङ्केत गर्दछ । यस गीतको प्रस्तुति गर्दा मुख्य गायकले गीत भिक्छन् भने त्यसैलाई हा..हा..हा..बाट आरम्भ गरी भिन्न तरिकाले त्यसलाई छोप्ने काम गर्दछन् । त्यसै क्रममा वाद्यवादकले पनि मादल, डम्फु, हार्मोनियम, खैँजडी लगायतका बाजाको धुन निकाल्छन् । वाद्यवादन गर्दा गायक र गायिकाको एक स्वरमा एकपटक ताल हान्नु यसको वाद्यवादनगत शैली रहेको हुन्छ । यसमा पनि मुख्य वाद्यवादक र सह वाद्यवादक रहने गर्दछन् । मुख्य वाद्यवादकको अनुकरण गर्दै अन्यले पनि वाद्यवादन गर्दछन् ।

## भाषा

प्रस्तुत बाह्रमासे ठाडो भाका लोकगीतको भाषा नेपाली नै रहेको छ । यसको रचनाको आरम्भ नेपाली भाषाबाटै भएकोल आजकल जहाँ तहीँ नेपाली भाषाबाहेक अन्य भाषामा कमै मात्रामा पाइन्छ । नेपाली भाषामा रचिएको गीत भए तापनि जुन भाषा र स्थानका समुदायले यसको प्रस्तुति गरेका हुन उक्त स्थानकै कथ्यबोली र स्थानको प्रभाव यस गीतमा परेको देखिन्छ :

> लमजुङतिर आइच ठाडो तिम्लाई स्वागत
>
> हा..हा..हा.. हजुरहरू वारि हो मै भैनी पारि हो सोधिरन्थे जल्लाइ नि ।

## स्थायी अन्तरा र थेगो

प्रस्तुत बाह्रमासे ठाडो लोकगीत हा..हा..हा..थेगोका रूपमा आएका देखिनछन् भने अन्य पङक्तिपुञ्ज स्थायी र अन्तरा दुबै रूपमा आएका देखिन्छन् । यसमा प्रत्येक पङ्क्तिको अन्तिम शब्दावली वा वाक्यांशलाई पछुवा टोलीले दोहोऱ्याएर स्थायी पङ्क्तिका रूपमा प्रयोग गरेको पनि भेटिन्छ । यसरी यस गीतमा अन्तरा पङ्क्तिको उच्चारणपछि त्यसै पङ्क्तिलाई नै स्थायी रूपमा प्रयोग गरिएको देखिन्छ ।

## लय वा सङ्गीत

वाद्यवादनले सङ्गीत ध्वनिको तरङ्ग उत्पादन गर्दछ भने लामो र छोटो तानले लयको सिर्जना गर्दछ । यसमा यत्ति नै अक्षर हुनु पर्छ भन्ने नपाइए तापनि लय र सङ्गीतबद्ध गीत भन्नेमा दुई मत छैन । यसमा ४+४+६+७.२१ अक्षरको संरचना पाइन्छ (दर्नाल २०६६, पृ. २२) भनिए तापनि अक्षरको संरचना यक्ति नै हुनुपर्दछ भन्ने हुँदैन । बाह्रमासे ठाडो भाकाका विषयअनुसार अक्षर संरचनामा तलमाथि भइरहन्छन् । त्यसैले यक्ति नै अक्षरको संरचना हुन्छ भन्न गाह्रो पर्दछ तर अधिक अक्षरलाई द्रुत गायनद्वारा र थोरै अक्षर भए विलम्बित लयद्वारा यसलाई निश्चित आकारमा ल्याइएको भने हुन्छ ।

## रङगमञ्च र वेषभूषा

प्रस्तुत बाह्रमासे ठाडो भाका लोकगीत मुक्त प्रकृतिको भएकोले यसमा सबै प्रकारको वेषभूषा आवश्यक पर्दछ भन्ने हुँदैन तर आजकल सार्वजनिक समारोहका अवसरमा वा होमस्टे जस्ता ठाउँमा यस गीतको प्रस्तुति गर्दा

प्रचलित जाति र समुदायको पहिचान झल्किने वेषभूषा पहिरिने प्रचलन भने भेटिन्छ। यस गीत प्रस्तुतिका लागि कुनै सजावटयुक्त ठाउँको आवश्यक पर्दैन। जति बेला र जस्तो सुकै ठाउँमा पनि यसको प्रस्तुति गर्न सकिन्छ।

## उद्देश्य

प्रस्तुत बाह्रमासे ठाडो भाका लोकगीतको मुख्य उद्देश्य आफू, आफ्नो समूह र आगन्तुकलाई मनोरञ्जन दिनु र लिनु रहेको देखिन्छ। आजकल यो गीत सार्वजनिक समारोहका अवसरमा प्रस्तुत गरिनुले आफ्नो स्थानको संस्कृति र कलाको बारेमा जानकारी दिई प्रचारप्रसार गर्नु रहेको देखिन्छ। होमस्टेहरूमा प्रस्तुत गर्नुले पर्यटलाई मनोरञ्जन प्रदान गरी फेरि-फेरिका लागि आकर्षित गर्न र यसका माध्यमबाट आयको स्रोत बढाई स्वरोजगार सिर्जना गर्नु रहेको देखिन्छ। यसरी समग्रमा मनोरञ्जन, आय आर्जन र आफ्नो संस्कृतिको प्रचारप्रसार गर्नु नै यसको उद्देश्य हो भन्ने स्पष्ट हुन आउँछ।

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट बाह्रमासे ठाडो भाका लोकगीत लमजुङका दुरा, कामी, दमाई, बाहुन, क्षेत्री, गुरुङ, कुमाल र अन्य समुदायमा प्रचलित छ जसको प्रस्तुति फुर्सदको समयमा युवायुवती वा अधबैंसे उमेरका व्यक्तिहरू मिलेर वाद्य, गायन र नृत्यका साथमा गर्दछन् भन्ने यसको पाठ र प्रस्तुतिगत अध्ययनबाट स्पष्ट भएको छ। यस बाह्रमासे ठाडो भाकाको स्थानअनुसार विभिन्न नाम र भिन्न प्रकारका शैली छन् भन्ने पनि स्पष्ट भएको छ। यसमा प्रस्तुत गरिने गीतका पङ्क्तिका बनोटमा संरचनागत विविधता पाइन्छ भने यसको बुनोटमा कथ्यविषय वा मूलभाव, शैली, भाषा, लय वा सङ्गीत, स्थायी अन्तरा र थेगो, वेषभूषा र रङ्गमञ्च र उद्देश्य जस्ता विधातत्त्व आएका छन् भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ तर आजकल भने युवायुवतीहरूको विदेश पलायन, पढ्ने उमेरका व्यक्तिको सहरमा बसाइँसराइ, रातमा प्रस्तुत गर्दा असुरक्षा महसुस हुनु, २०५२ सालदेखि देशमा देखिएको असहज अवस्था र यस्ता गीतको प्रस्तुतिमा लगाइएको प्रतिबन्ध जस्ता कारणले ग्रामीण भेगमा यसको प्रस्तुति गर्ने प्रचलन हराउँदै गएको थियो भने सार्वजनिक समारोह वा प्रतियोगिताका अवसरमा मात्र दिवा समयमा प्रस्तुत गर्ने वा पर्यटकलाई मनोरञ्जन प्रदान गरी आर्थिक आयआर्जन गर्ने उद्देश्यले होमस्टे वा पर्यटन केन्द्रहरूमा जुनसुकै समयमा पनि प्रस्तुत गर्ने प्रचलन बस्न पुगेको छ भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ। यस गीत यहीँ र यस्तै हुनुपर्दछ भन्ने नभई प्रस्तुति स्थल, दर्शक र प्रस्तोतामा निर्भर रहने गरेको छ भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ। यस लेखबाट पनि हामीलाई थाहा हुन्छ कि बाह्रमासे ठाडो भाका लोकगीतले गाउँघरमा निर्माण भएका विभिन्न होमस्टेहरूबाट आर्थिक लाभ मात्र होइन कि सामाजिक र सांस्कृतिक पक्षलाई पनि जोगाएको देखिन्छ। यसै आधारमा लमजुङका मात्र नभएर नेपालका विभिन्न ठाउँमा प्रचलित बाह्रमासे ठाडो भाका लोकगीतका प्रकारगत विविधताको अध्ययन गरी यसको संरक्षण गर्नु आवश्यक छ भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ।

## परिशिष्ट

**बाह्रमासे ठाडो भाका प्रस्तुतिका झलकहरू**







## सन्दर्भसामग्री

गुरुङ, गणेश (२०४१). *दुरा जातिको सामाजिक अध्ययन.* अप्र.लघुअनुसन्धान पत्र. नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

गुरुङ, सरिना र लोकबहादुर दुरा (२०७५). *दुरा जातिको चिनारी.* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

दर्नाल, रामशरण (२०६६). नेपाली लोकगीतमा ठाडो भाका. *लोकसंस्कृति.* वर्ष ४. अङ्क २. पूर्णाङ्क ७. पृ. १९-२६ ।

घिमिरे, मुक्तिनाथ.(२०७५). *नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन.* भक्तपुर : नेपाल संस्कृत विश्वविद्याल, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१). *नेपाली लोकसाहित्य.* काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कुसुमाकर (२०६७). गण्डकी अञ्चलमा प्रचलित लोकगीत. एक अध्ययन. *प्रज्ञा.* अंक २ पूर्णाक १०४, पृ. ८९-१० ।

पराजुली, कृष्णप्रसाद. (२०५७) *नेपाली लोकगीतको प्रचलित नृत्य र नृत्य नाटिकाहरू.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६०). *गीतसिद्धान्त र इतिहास.* ललितपुर : साझा प्रकाशन ।

घिमिरे, मुक्तिनाथ (२०७५). *नेपाली राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन.* भक्तपुर : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।

भुजेल, लालबहादुर (२०७५). *ठाडो भाकाको लोकसांस्कृतिक इतिहास.* भक्तपुर : चाँगुनारायण साहित्यिक समाज ।